म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२५ बुधबार, १८ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 1 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ढालाभन्दा बढी लोडबोक्ने टिपरलाई प्रशासनको चेतावनी

हेटौंडा, १७ चैत/तोकिएको मापदण्डभन्दा बढी ढुंगा बोकेर सञ्चालनमा रहेका टिपरलाई प्रशासनले कडाइ गर्न थालेको छ । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले अत्यधिक लोड बोक्ने ८ वटा टिपरलाई सचेत गराउँदै नियमअनुसार मात्रै लोड गर्न निर्देशन दिएका छन् । राक्सिराङस्थित खानीक्षेत्रबाट ढुंगा बोकेर आएका केही टिपरले मापदण्डभन्दा बढी लोड बोकिरहेको पाइएपछि प्रशासनले अनुगमन गरी लोड भन्दा बढी ढुंगा झार्न लगाएको थियो । तोकिएको क्षमताभन्दा बढी बोकेको ढुंगा सडकमै झारेर नियमानुसार मात्रै ढुवानी गर्न लगाइएको प्रशासनले जनाएको छ । प्रजिअ अधिकारीले सवारीसाधनले निर्धारण गरिएको मापदण्ड पालना नगरे कडा कारबाही गरिने चेतावनी दिए । तोकिएको क्षमताभन्दा बढी लोड बोक्नु गैरकानुनी रहेको भन्दै अटेर गरे कार्वाही गरिने बताए । साथै ढुंगालाई त्रिपालले छोप्न समेत निर्देशन दिए । अत्यधिक लोडका कारण दुर्घटनाको जोखिम बढ्ने भएकाले यस्ता गतिविधि नियन्त्रण गर्न कडाइ गरिएको हो ।

### एकीकृत घुम्ती शिविरबाट राक्सीराङका स्थानीयलाई सहज

## घरमै नागरिकता पाउँदा सुन्तली खुशी

साझाकुरा संवाददाता



हेटौंडा, १७ चैत/ मकवानपुरको विकट राक्सीराङ गाउँपालिकामा जारी बृहत एकीकृत घुम्ती शिविरले स्थानीयबासीलाई सहज भएको छ ।

'सेवा पाउने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिकाले आफ्नो सेवाप्रवाहलाई गाउँगाउँसम्म पुऱ्याएको हो । चैत ११ गतेदेखि सुरु भएको शिविर चैत २० गतेसम्म पालिकाको ४ स्थानमा सञ्चालन हुनेछ । १६ गते राक्सिराङ-९ कान्द्राङमा प्रमुख जिल्ला अधिकारी, गाउँपालिका प्रमुख, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका पञ्चिकरण शाखानिर्देशकसहितको टोलीले नागरिकताका साथै राष्ट्रिय परिचयपत्र वितरण गरेको हो । ३० जनालाई नागरिकता प्रमाणपत्र तथा एक हजार भन्दा बढीलाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको थियो । पालिकाको अधिकांशक्षेत्र विकट रहेकोले नागरिकता बनाउनका लागि हेटौंडा आउन चेपाङ समुदायलाई समस्या हुने गरेको थियो ।

भौगोलिक कठिनाइ, आर्थिक अभावलगायतका कारण हेटौंडासम्म पुग्न दुईतीन दिन लाग्ने बाध्यता रहेका स्थानीयका लागि यस्तो शिविर राज्यको प्रतयक्ष उपस्थितिको अनुभूति बनेको छ । शिविरमार्फत् नागरिकता वितरण, राष्ट्रिय परिचयपत्र कार्ड वितरण, अपाङ्गता परिचयपत्र, स्वास्थ्यपरीक्षण, पशुस्वास्थ्य सेवा, कृषिविकास कार्यक्रम, औषधि तथा बीउ वितरण, कृषिऔजार हस्तान्तरण, सुत्केरीका लागि पौष्टिकआहार वितरण, बेरोजगार सूचीकरणलगायत सेवा एकै स्थानबाट प्रदान गरिएको छ । शिविरसम्म पुग्न नसक्नेको लागि पालिकाले घर घरमा गएर सेवाप्रवाह गरेको छ । राक्सिराङ-४ की ५० वर्षीया सुन्तली परियारले पनि घरमै नागरिकता पाउँदा भावुक हुँदै खुसी व्यक्त गरिन् । आठ सन्तानकी आमा परियार दुई वर्षअघि श्रीमान् गुमाएपछि एकल जीवन बिताउँदै आएकी छिन् ।

नागरिकता अभावमा सामाजिक सुरक्षा भत्ता समेत नपाएको उनलाई प्रमुख जिल्ला अधिकारी सहितको टोलीले घरमै पुगेर नागरिकता प्रदान गरेको हो । यस्तै, राष्ट्रिय पञ्जिकरण विभागका पञ्जिकरण शाखाका निर्देशक सानुबाबु अधिकारीसहितको टोलीले एक हजार भन्दा बढीलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गरिएको हो । यसअघि नै विवरण संकलन गराएका तर, परिचयपत्र लिन धाएरै जानुपर्ने अवस्थालाई हेरेर पहिलोपटक राक्सिरा गाउँपालिकामा परिचयपत्र कार्ड वितरण गरिएको हो । शिविर मार्फत् ३० जनालाई नागरिकता र एक हजारलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गरिएको मकवानपुरका प्रजिअ बसन्त अधिकारीले बताए ।

नागरिकलाई सहजरुपमा सेवा सुविधा उपलब्ध गराउनु नै राज्य भएको महसुश दिनु भएको प्रजिअ अधिकारीले बताए । नागरिकको मुहारमा खुशी ल्याउनका लागि राष्ट्रसेवक कर्मचारी खटिनुपर्नेमा उनको जोड थियो । देशकै छैठौं गरिबीको सूचकमा पर्ने यस गाउँपालिकामा सामान्य नागरिक पालिकासम्म सेवालिन आउन नसक्ने अवस्था रहेकाले स्थानीय सरकारले आफैं गाउँसम्म पुग्ने रणनीति अवलम्बन गरेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । 'सेवा लिने सबैको अधिकार, घर घरमा स्थानीय सरकार' भन्ने नारासहित सबै सेवा एकैठाउँमा उपलब्ध गराइएको अध्यक्ष मल्लले बताए । सेवाप्रवाहसँगै विकास योजना निर्माण प्रक्रियालाई पनि जनतासँग जोड्ने प्रयास गरिएको गाउँपालिकाले जनाएको छ ।

यस्तै, पालिकामा रहेका ८० वर्षभन्दा माथिका ज्येष्ठनागरिकलाई स्वास्थ्यजाँचका साथै सम्मानस्वरुप पौष्टिक आहार, झुल र छाता समेत वितरण गरिएको छ । चैत ११ गतेदेखि सुरु भएको वृहत् सेवाप्रवाह शिविर चैत २० गतेसम्म पालिकाका विभिन्न स्थानमा सञ्चालन हुने गाउँपालिकाले जनाएको छ । चैत ११ गते राक्सिराङ-२ कुडुले, चैत्र १६ गते कान्द्राङमा शिविर आयोजना भैसकेको छ भने चैत्र १८ गते राक्सिराङ-८ पाम्बुङ र चैत्र २० गते राक्सिराङ-७ स्थित श्री आधारभूत विद्यालयमा वृहत् शिविर आयोजना हुने पालिकाले जनाएको छ ।

## उद्योग मन्त्रालयमा बिचौलियालाई प्रवेश निषेध




साझाकुरा संवाददाता

हेटौंडा,१७ चैत/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र त्यसअन्तर्गतका विभिन्न विभाग र कार्यालयले सेवा प्रवाह थप मर्यादित, पारदर्शी र व्यवस्थित बनाउन नयाँ व्यवस्था लागु गरेका छन् ।

मन्त्रालयको निर्देशन अनुसार अब उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय, खानी तथा भूगर्भ विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागबाट प्रवाह हुने सेवा प्राप्तगर्न आधिकारिक व्यक्ति हुनुपर्ने र परिचयपत्र अनिवार्य गरिएको छ । मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत 'शासकीय सुधार सम्बन्धी १०० कार्यसूची'को बुँदा नम्बर २१ कार्यान्वयन गर्ने सिलसिलामा मन्त्रालयले यो कडाइ गरेको हो । मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीले मंगलबार बसेको सचिव स्तरीय बैठकको निर्णयअनुसार सबै विभाग र कार्यालयमा सेवा प्रवाहको वातावरण मर्यादित बनाउन निर्देशन दिइएको बताए ।

सोही निर्देशनबमोजिम पाँचवटै विभागले छुट्टाछुट्टै सार्वजनिक सूचना जारी गर्दै अनधिकृत व्यक्तिलाई सेवाप्रवाह नगर्ने स्पष्ट पारेका छन् । नयाँ व्यवस्थाअनुसार अब विभाग र अन्तर्गतका कार्यालयमा सेवाप्राप्त गर्न आउने सर्वसाधारण नागरिकबाहेक सम्बन्धित प्रतिष्ठान (फर्म, कम्पनी, उद्योग, व्यवसाय) का सञ्चालक आफैं, प्रतिष्ठानका कर्मचारी वा प्रतिष्ठानले तोकेका आधिकारिक प्रतिनिधि मात्र उपस्थित हुनुपर्नेछ । सेवा लिन आउँदा आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र अनिवार्य साथमा हुनुपर्ने र नभए वा सेवासँग असम्बन्धित व्यक्ति भए कार्यालय सेवाप्रवाह गर्न बाध्य नहुने ब्यहोरा सबै विभागका सूचनामा उल्लेख गरिएको छ ।

यसले सरकारी कार्यालयमा हुने अनावश्यक भिडभाड कम हुने र बिचौलियाको प्रभाव पूर्णरुपमा निरुत्साहित गर्ने विश्वास गरिएको छ । यसैगरी कम्पनी रजिस्ट्रारको कार्यालयले आफ्ना सेवा 'क्यामिस' प्रणालीमार्फत अनलाइनबाटै प्रदान गरिरहेको जानकारी दिँदै सनाखत, उजुरी वा गुनासोजस्ता विशेषकार्यका लागि कार्यालयमै भौतिकरुपमा उपस्थित हुनुपर्ने अवस्थामा पनि कम्पनीका सञ्चालक, सचिव वा आधिकारिक प्रतिनिधि मात्र आउनुपर्ने नियममा कडाइ गरेको छ । गुणस्तर तथा नापतौल विभागले पनि आफ्ना सबै मातहतका कार्यालयमा यो नियम लागु भएको जनाएको छ ।

सरकारी सेवाप्रवाहमा पारदर्शिता ल्याउन र वास्तविक सेवाग्राहीले मर्यादित वातावरणमा छिटोछरितो सेवा पाउने सुनिश्चित गर्न यो कदम चालिएको मन्त्रालयले जनाएको छ । यो व्यवस्था आज मंगलबारदेखि नै सबै विभागमा प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याइएको छ ।

## मामाघरलाई ७० हजार रुपैयाँ सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ हेटौंडा-११, डाङ्डुङेस्थित मामाघर नेपाललाई पछिल्लो समय विभिन्न व्यक्तिले जन्मदिन, पूण्यतिथि, विवाह वर्षगाँठ तथा विशेष अवसरमा सहयोग गर्दै आएका छन् । सडक बालबालिकाको उद्दार, संरक्षण तथा पारिवारिक पुनर्मिलनमा सक्रिय मामाघर नेपालले २०८२ चैत १ गतेदेखि चैत १५ गतेसम्म कुल ७० हजार ३५५ रुपैयाँ सहयोग प्राप्त गरेको जनाएको छ ।

यसअवधिमा सामुदायिक प्रहरी सेवा केन्द्र थानाभञ्याङका अध्यक्ष देवकुमार श्रेष्ठले जन्मदिनको अवसरमा ३ हजार ५ सय रुपैयाँ सहयोग प्रदान गरेका छन् । त्यसैगरी हेटौंडा-४ निवासी किरण सेनले जन्मदिनको अवसरमा ५ हजार नगदसहित भान्जाहरुका लागि बेलुकीको खाना सहयोग गरेका थिए भने 'हाम्रो जन्मभूमि' सामाजिक संस्थाको ९० औं कार्यक्रमअन्तर्गत ११ हजार ५ रुपैयाँ सहयोग प्रदान गरिएको थियो । काठमाडौं विश्वविद्यालय, धुलिखेलमा एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत पश्चिम नवलपरासीका नोबेल न्यौपानेले आफ्नो ब्रतबन्धमा प्राप्त दक्षिणामध्ये ५ हजार ३ सय रुपैयाँ सहयोग गरेका छन् ।

हेटौंडा निवासी अदिस घिसिङले जन्मदिनको अवसरमा स्टेशनरी सामग्री तथा खाजा सहयोग गरेका थिए भने भीमफेदी गाउँपालिका-२ निवासी नवीन रानामगरले वैदेशिक यात्रामा जानुअघि आश्रित बालबालिकाका लागि आवश्यक स्टेशनरी सामग्री उपलब्ध गराएका छन् । त्यसैगरी नवराज पण्डितले छोरी प्राप्ति ढुंगेलको जन्मदिनको अवसरमा परिवारसहित उपस्थित भई भान्जाहरुका लागि बेलुकीको खाजा तथा खाना सेवा सहयोग गरेका छन् । हेटौंडा-१९ घरभई हाल बेलायतमा रहेका सौजन्य रिमालले जन्मदिनको अवसरमा बिहानको खाजा (ब्रेड, बिस्कुट र दूध) सहयोग गरेका छन् । हेटौंडा-७ निवासी सुरज श्रेष्ठ र देउकी श्रेष्ठले वैवाहिक अवसरमा ५ हजार ५० रुपैयाँ, हेटौंडा-१६ निवासी बन्दना सापकोटा र सरोज न्यौपानेले छोरा सवल न्यौपानेको जन्मदिनमा ६ हजार रुपैयाँ सहयोग गरेका छन् ।

साथै प्रमोद पराजुली, यादव भट्टराई र सुमन पराजुलीले मामाघर अवलोकन गरी १० हजार रुपैयाँ नगद सहयोग गरेका छन् । हेटौंडा-४ घरभई हाल जर्मनीमा बसोबास गर्दै आएकी रितु अधिकारीले आफ्नो पारिश्रमिकको अंशस्वरुप १८ हजार रुपैयाँ सहयोग गरेकी छन् भने मनकामनामाई बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १७ औं स्थापना दिवसको अवसरमा ६ हजार ५ सय रुपैयाँ सहयोग प्रदान गर्दै भान्जाहरुका लागि बेलुकी खानासेवा सञ्चालनमा सहयोग गरेको मामाघरले जनाएको छ ।

## विद्युत महशुल असुली गर्न लाइन काट्ने अभियान सुरु


साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/विद्युत महशुलको वक्यौता रकम बढ्दै गएपछि नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले वक्यौता विद्युत महशुल असुली गर्न लाइन काट्ने अभियान सुरु गरेको छ ।



६० दिन भन्दा बढी समयको महशुल नतिर्ने ग्राहक तथा उपभोक्ताको लाइन काट्ने व्यवस्थाअनुसार वक्यौता महशुल बुझाउन विभिन्न माध्यमबाट सूचना गरी जानकारी गाइएको र सूचनालाई अटेर गरी महशुल नतिर्ने ग्राहकको लाइन काट्न सुरु गरिएको पालुङ वितरण केन्द्रप्रमुख दीपेन्द्र बुढाथोकीले बताएका छन् । अभियानअन्तर्गत यस आर्थिक वर्षमा प्राधिकरण पालुङ शाखाले १ सय ६८ ग्राहकको लाइन काटी ८० लाख वक्यौता असुल गरिसकेको छ । १६ हजार ग्राहक रहेको पालुङ वितरण केन्द्रको २ करोड ६० लाख रुपैयाँ वक्यौता रहेको छ । वक्यौता रकम अशुलीको लागि टोली परिचालन भइरहेको र निरन्तर अभियान संचालन गरी ६० दिनभन्दा बढी समयको वक्यौता रहेका ग्राहकको लाइन काटेर अशुल गरिने पालुङ वितरण केन्द्रले जनाएको छ ।

**आकर्षक घडेरी बिक्रीमा**




हेटौंडा-१, स्वर्गलोक
अर्थोपेडिक अस्पताल पछाडि

सम्पर्क नं.
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



साझाकुरा

## हाम्रो कुरा

# बजेट जनमैत्री होस्

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट निर्माण प्रक्रिया औपचारिकरुपमा सुरु गर्नु प्रदेशको आर्थिक सुशासन, विकास प्राथमिकता र जनउत्तरदायी शासनतर्फको महत्वपूर्ण कदम हो । बजेट केवल आय-व्ययको विवरणमात्र नभई प्रदेशको दीर्घकालीन दृष्टि, नीति र जनआकांक्षाको प्रतिबिम्ब भएकाले यो प्रक्रियालाई अझ समावेशी, पारदर्शी र परिणाममुखी बनाउन जरुरी छ । बजेटले समावेशी परामर्श प्रक्रियालाई प्राथमिकता दिनुपर्छ । बजेट निर्माणको सुरुवाती चरणमै स्थानीय तह, निजीक्षेत्र, सहकारी, नागरिकसमाज, महिला, युवा, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायसँग छलफल गर्नुपर्छ । यसले बजेटमा वास्तविक आवश्यकता र स्थानीय प्राथमिकता प्रतिबिम्बित गर्न मद्दत गर्छ । डिजिटल प्लेटफर्म र सार्वजनिक सुनुवाइमार्फत् सुझाव संकलन गर्ने अभ्यासलाई अझ सुदृढ बनाउन सकिन्छ ।

नीतिगत निरन्तरता र प्रमाणमा आधारित योजना आवश्यक छ । अघिल्ला बजेटका कार्यक्रमको प्रभाव मूल्यांकन गरी सफल कार्यक्रमलाई निरन्तरता दिने र प्रभावहीन कार्यक्रमलाई सुधार वा खारेज गर्नुपर्छ । तथ्यांक, अनुसन्धान र क्षेत्रगत अध्ययनमा आधारित बजेट विनियोजनले स्रोतको सदुपयोग सुनिश्चित गर्छ । प्रदेशको आवधिक योजना र दिगो विकास लक्ष्यसँग बजेटलाई स्पष्टरुपमा जोड्नुपर्छ । पूँजीगतखर्चको गुणस्तर सुधारमा जोड दिनुपर्छ । बागमती प्रदेशमा पूर्वाधार विकास महत्वपूर्ण भएपनि योजना समयमै सम्पन्न नहुनु, लागत बढ्नु र गुणस्तर कमजोर हुनु चुनौतीकारुपमा देखिएका छन् । परियोजना छनोटमा व्यवहारिकता अध्ययन, स्पष्ट कार्यतालिका र जिम्मेवारी तोक्नुपर्छ । आर्थिक अनुशासन र राजस्व सुदृढीकरण अपरिहार्य छ । आन्तरिक राजस्वको दायरा विस्तार, कर प्रशासनको डिजिटलाइजेशन र करचुहावट नियन्त्रणमा ध्यान दिनुपर्छ । अनावश्यक प्रशासनिक खर्च कटौती गरी शिक्षा, स्वास्थ्य, रोजगारी र उत्पादनशील क्षेत्रमा बजेट केन्द्रित गर्नुपर्छ । सार्वजनिक-निजी साझेदारीमार्फत स्रोत परिचालनका सम्भावना पनि खोजिनुपर्छ । सामाजिकक्षेत्र र मानव विकासमा लगानी बढाउनुपर्छ । गुणस्तरीय शिक्षा, पहुँचयोग्य स्वास्थ्यसेवा, पोषण, सीप विकास र रोजगारी सिर्जनामा लक्षित कार्यक्रम आवश्यक छन् । विशेषगरी युवा उद्यमशीलता, महिलाको आर्थिक सशक्तीकरण र हरित रोजगारीलाई प्रोत्साहन गर्ने कार्यक्रम बजेटमा समावेश हुनुपर्छ । पारदर्शिता, अनुगमन र उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान तथा मूल्यांकन सम्पन्न गर्दै बजेट तयारीको गृहकार्य अघि बढाएको हो ।

बजेट स्रोत व्यवस्थापन समितिको बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थाको समीक्षा गर्दै आगामी बजेटको सम्भावित आकार र स्रोत बाँडफाँटको प्रारम्भिक खाका तयार गरेको हो । समितिमा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको नेतृत्वमा मन्त्रालयका निमित्त सचिव नुमानन्द अधिकारी, बजेट महाशाखा प्रमुख तथा नेपाल राष्ट्र बैंकका निर्देशक सदस्य रहेका छन् । आगामी आर्थिक वर्षको बजेट चालु वर्षको तुलनामा घट्ने देखिएको छ । आर्थिक मामिला तथा योजनामन्त्रीकाअनुसार करिब १७ अर्ब रुपैयाँ अर्थात् २५ दशमलब ८९ प्रतिशतले बजेट घट्ने अनुमान गरिएको छ । आगामी वर्षका लागि करिब ५० अर्ब रुपैयाँ हाराहारीमा बजेट ल्याउने तयारी भइरहेको बताइएको छ । हाल प्रदेश सरकारले चालु आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ तर, स्रोतको संकुचनका कारण आगामी वर्ष ५० अर्ब रुपैयाँभन्दा बढीको बजेट ल्याउन सक्ने अवस्था नरहेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १९ गते बिहीबार २ अप्रिल २०२६ । पूर्णिमा, चैत्र शुक्लपक्ष । चौलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:५६ सूर्यास्त ६:२१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# राज्यले नचिनेको 'मधेशी दलित': सुधारको भ्रम छरेर निरन्तर बहिष्करण



✍ रक्षाराम हरिजन

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेशी दलितको प्रतिनिधित्व नभएको भन्दै निशा हरिजन समेतले सर्वोच्च अदालतमा रिट पेश गरिन् । रिट दर्ता शाखाका अधिकारीले संविधानमा 'मधेशी दलित कहाँ छ र?' भन्दै फाइल फिर्ता गरे । पुन: विचार गर्नुस् भन्ने अनुरोधमा चैत ६ गते पेश भएको रिट दर्ता नगरी हालसम्म थन्क्याइयो । राज्यको यस्तै प्रवृत्तिका बीच हालै सरकारले आफ्नो १०० दिने कार्ययोजना मार्फत दलितमाथि भएको ऐतिहासिक विभेदको लागि औपचारिक क्षमायाचना गर्ने र सुधारका कार्यक्रमहरू समेत ल्याउने घोषणा गरेको छ । यो अत्यन्त सकारात्मक कदम हो । यसलाई फदयदेखि स्वागत गर्दछु ।

मधेशी दलितविहीन संसद्को जगमा बनेको यो सरकारले गरेको कार्यक्रममा मधेशी दलित समेटिन्छन् त ? भन्ने प्रश्न जीवित नै छ । किनभने राज्यले पटक-पटक दलित सुधार र दलित उत्थान कार्यक्रमहरू र आरक्षणको अधिकार दिए पनि मधेशी दलितलाई छोएको छैन । प्रतिनिधिसभाको निर्वाचनले समेत सो कुरालाई सावित गर्छ । जातीय विभेदलाई अन्त्य गर्दै जातीय विभेद र छुवाछूतलाई दण्डनीय बनाएको डेढ दशकभन्दा बढी भयो । संविधानमा नै दलितको हक र दलितको हकभित्र सबै समुदायको हकलाई सुनिश्चित गरेको एक दशक भयो । तर ती अधिकार र कानूनहरू मधेशी दलितको हकमा छैन । मधेशी दलितलाई त राज्यले चिन्दै चिन्दैन । खै मधेशी दलित ? संविधानमा मधेशी दलित त छैन नि ? भन्नुको तात्पर्य नेपालमा मधेशी दलित कहाँ छन् र ? भनी समग्र लाखौं संख्यामा रहेका मधेशी दलित अस्तित्वलाई इन्कार गर्नु हो ।

### मधेशी दलितको पहिचान

राष्ट्रिय जनगणना २०७८ अनुसार दलितको जनसंख्या ४० लाख ३ हजार १३ छ । जसमा पहाडी दलित २६ लाख ७ हजार २९२ (९.९४ प्रतिशत) र मधेशी दलित १३ लाख ९५ हजार ७२१ अर्थात् ४.७९ प्रतिशत छ । कुल दलित जनसंख्याभित्र पहाडी दलित ६५ प्रतिशत र मधेशी दलित ३५ प्रतिशत छन् । यसरी राज्यले ४.७९ प्रतिशत जनसंख्यालाई नचिन्नु गम्भीर चिन्ताको विषय हो ।

नेपालमा दुवै पहाडी र मधेशी समुदायमा दलित रहेको भनिरहनुपर्दैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको दलित समुदायको थर सूची सम्बन्धी विवरणको (क) मा पहाडी दलित र (ख) मा मधेशी दलित समुदाय भनी नामकरण गर्दै सूचीकृत गरेको छ । संविधानको धारा ४० (७) ले 'दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ' भनी स्पष्ट व्यवस्था गरेको छ ।

२०७४ सालमा मधेशी दलितको समानुपातिक प्रतिनिधित्व भएन भनी मैले दायर गरेको रिटमा सर्वोच्च अदालतले आगामी निर्वाचनहरूमा समानुपातिक निर्वाचन प्रणालीतर्फ 'मधेशी' र 'दलित' समुदायभित्रका विभिन्न समुदायको भौगोलिक र प्रादेशिक सन्तुलन हुने गरी तथा समानुपातिक समावेशिताको सिद्धान्त बमोजिम मधेशी दलित समेतको प्रतिनिधित्व सुनिश्चित हुने गरी आवश्यक व्यवस्था गर्न ध्यानाकर्षण गराएको छ ।

### राज्यले चिन्दैन मधेशी दलित

नेपालमा सबैभन्दा बढीमा सीमान्तकृत समुदायको मधेशी दलित नै हुन् । मधेशी दलितहरूले केवल जातका आधारमा मात्र होइन, बरु आफ्नो क्षेत्रीय पहिचान र राज्यको संरचनागत विभेदका कारण 'दोहोरो उत्पीडन' भोग्दै आएका छन् । विभेदको शृंखला जहाँको त्यहीं छ । नेपालको सामाजिक र राजनीतिक इतिहासमा दलित समुदायको सैर्ष लामो छ । राज्यले शताब्दीऔंदेखिको विभेदलाई औपचारिक रूपमा स्वीकार गरे पनि 'मधेशी दलित'को हकमा राज्य सधैं उदासीन बन्दै आएको छ ।

संविधानमा 'मधेशी दलित' भनी किटान नभएको भन्ने आधारमा मात्रै हालसम्म मधेशी दलितहरू पहिचानको समस्या भोगिरहेछन् । जसको प्रत्यक्ष उदाहरण पहिला नै पेश गरेको छु । मधेशी दलितलाई राज्यले चिन्दैन । संसद्ले चिन्दैन । अदालतले चिन्दैन । राज्यको प्रशासकले चिन्दैन ।

उदाहरणको लागि, संघीय संसद्मा मधेशी दलितको प्रतिनिधित्व 'शून्य' छ । यसको मतलब झन्डै १४ लाख मधेशी दलित मत (भोट)को मूल्य 'शून्य' हो । नेपालको इतिहासमा न्यायाधीशमा प्रतिनिधित्व 'शून्य' छ । संघीय वा प्रदेशको मन्त्रिपरिषद्मा प्रतिनिधित्व 'शून्य' छ । संवैधानिक निकायमा प्रतिनिधित्व 'शून्य' छ । यहाँसम्म कि दलित आयोगमा पनि मधेशी दलित छैनन् । राजदूतमा ऐतिहासिक 'शून्यता' छ । राज्यको कुनै पनि उच्च पदस्थमा मधेशी दलितको प्रतिनिधित्व 'शून्य' छ । निजामती सहसचिवदेखि माथि पदमा 'शून्य' छन् । प्रहरीमा डीएसपीभन्दा माथि कोही मधेशी दलित पुग्न सकेका छैनन् । संसद्, न्यायपालिका र राज्यका अन्य निर्णायक अङ्गहरूमा मधेशी दलितहरूको उपस्थितिलाई हेर्दा मधेशी दलितको हकमा समावेशिता र विशेष अधिकारको नारा केवल कागजमा सीमित भएको देखिन्छ । राज्यले दलितहरूमाथि शताब्दीऔंदेखि गरेको ऐतिहासिक विभेदलाई औपचारिक रूपमा स्वीकार गरे पनि व्यवहारमा भने अझै ठूलो खाडल देखिन्छ । दलित समुदायको एकतिहाइ मधेशी दलितलाई ऐतिहासिक र सधैंको लागि अन्यायपूर्ण तरिकाले पाखा लगाई बहिष्करणमा पारेर समग्र दलित समुदायको उत्थानको कल्पना गर्न सकिंदैन ।

### राज्यद्वारा ऐतिहासिक विभेद र राज्यको 'क्षमायाचना'

नेपालको शासन व्यवस्थाले लामो समयसम्म मनुस्मृति र मुलुकी ऐन (१९१०) मार्फत दलितहरूलाई 'पानी नचल्ने' र 'अछूत'को श्रेणीमा राखेर सामाजिक, आर्थिक र राजनीतिक अधिकार बाट वञ्चित गर्‍यो । यो विभेद केवल सामाजिक मात्र थिएन, यो त राज्यद्वारा संरक्षित र सञ्चालित संरचनागत विभद र बहिष्करण थियो ।

विगत झैं वर्तमान सरकारले आफ्नो १०० दिने कार्ययोजनामा दलितमाथिको ऐतिहासिक विभेदका लागि क्षमायाचना गर्ने घोषणा गरेको छ । यो सरकार नै अहिले परीक्षणकालमा रहेकोले यो क्षमायाचना केवल 'कर्मकाण्डी' हुने वा नहुनेमा पनि परीक्षण हुन बाँकी छ । हेक्रुका रहोस् जबसम्म संसद् र नीतिनिर्माणको तहमा मधेशी दलितको वास्तविक प्रतिनिधित्व हुँदैन, तबसम्म यस्ता क्षमायाचना र सुधारमुखी कार्यक्रमको कुनै अर्थ रहँदैन ।

जुन सरकारले यो घोषणा गरेको छ सो सरकार उद्‍गम प्रतिनिधिसभामा मधेशी दलितको शून्यताले ऐतिहासिक बहिष्करणको निरन्तरता दिएको छ । फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनको तथ्याङ्कले मधेशी दलितमाथि भएको राज्यको बेइमानीलाई स्पष्ट देखिन्छ । प्रत्यक्षतर्फ १६५ सिटमा एक जना पनि मधेशी दलित निर्वाचित भएनन् । समानुपातिकतर्फको ११० सिटमा १६ जना दलित छानिए पनि ती सबै 'पहाडी दलित' मात्र रहेका छन् । कुनै पनि राजनीतिक दलले मधेशी दलितलाई 'नागरिक' को दर्जा दिन चाहेनन् ।

समग्र दलित जनसंख्याको झण्डै एकतिहाइ हिस्सा रहेको मधेशी दलित समुदाय संसद्मा शून्य हुनु भनेको लोकतन्त्रमा उनीहरूको राजनीतिक अस्तित्वलाई नकार्नु हो । संसद् जहाँ कानून बन्छ, त्यहाँ आफ्नै समुदायको उपस्थिति नहुँदा मधेशी दलितहरूले संसद्लाई आफ्नो ठान्न सक्ने अवस्था छैन । यसले राज्यको निर्वाचन प्रणाली र राजनीतिक दलहरूको समावेशी चरित्रमाथि गम्भीर प्रश्न उठाएको छ ।

समग्र दलित समुदायको एकतिहाइ जनसंख्या रहेको मधेशी दलित समुदायहरू राज्यको मूल प्रवाहबाट पूर्ण रूपमा वञ्चित छ । संविधानको धारा ४०(७) को कार्यान्वयन केवल कागजी दस्तावेजमा मात्रै सीमित भएको छ । सो अनुरूपको कानूनहरू संशोधन भएको छैन । राज्यले 'नचिनेको' यो समुदायलाई पहिचान दिनु र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु नै लोकतन्त्रको वास्तविक परीक्षा हो । यदि यसो गरिएन भने राज्यको 'क्षमायाचना' र सुधारको वाचाहरू मधेशी दलितको लागि केवल अर्को एउटा राजनीतिक धोका मात्र ठहरिनेछ ।

वर्तमान सरकारले आफ्नो १०० दिने कार्यसूचीको पाँचौं स्थानमा दलितमाथिको ऐतिहासिक विभेदलाई स्वीकार गर्दै १५ दिनभित्र सुधारमुखी कार्यक्रम र क्षमायाचनाको घोषणा गर्ने उल्लेख गरेको छ । राज्यले आफ्ना नागरिकमाथि गरेको गल्ती स्वीकार गर्नु लोकतन्त्रको सुन्दर पक्ष हो । यदि साँच्चै नै दलितलाई राज्यले सम्मान र अधिकार दिन चाहन्छ भने एकतिहाइ मधेशी दलितलाई समेत उत्तिकै अधिकार र अवसर दिनुपर्छ । यसले मधेशी दलित जस्ता सीमान्तकृत समुदायको वास्तविक समावेशिता र अधिकारको सुनिश्चितता गर्नुपर्छ । विगतमा गरिएका विभेदहरूको क्षतिपूर्ति र आगामी दिनमा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी नै वास्तविक क्षमायाचनाको मानक हुन सक्छ ।

मधेशी दलितलाई राज्यले कसरी अधिकार दिन सक्छ भन्ने हेर्दा नेपालको संविधानको धारा ४० (७) को मर्म अनुरुप सबै कानूनहरू संशोधन गर्नुपर्छ । राज्यको निकायमा गरिने प्रतिस्पर्धा, नियुक्ति, मनोनयन र चयनमा दलितभित्र मधेशी दलितलाई एकतिहाइ प्रतिनिधित्व सुनिश्चित हुने गरी कानून संशोधन गर्नुपर्छ । निर्वाचन सम्बन्धी ऐन कानूनमा दलितभित्र मधेशी दलित उपसमूह राख्नुपर्छ । यदि साँच्चै नै क्षमायाचना गर्ने हो भने राष्ट्रिय सभामा खाली रहेको सिटमा तत्काल मधेशी दलितबाट मनोनयन गरी संसद्मा मधेशी दलितको शून्यतालाई अन्त्य गरी क्षमायाचनालाई मूर्तरूप दिनुपर्छ । राज्यका प्रमुख निकायहरू, राजदूत, संवैधानिक निकाय, न्यायाधीश लगायत पदहरूमा क्षतिपूर्ति सहितको समावेशीको पहुँच हुनुपर्छ ।

अन्त्यमा, मधेशी दलितको मुद्दा केवल एउटा जातको मुद्दा होइन, यो नेपालको लोकतन्त्र र संविधानको इमानदारीको कसी हो । संविधानले ग्यारेण्टी गरेको प्रत्येक नागरिकको समानताको हकलाई सुनिश्चित गर्ने हो । राज्यको नजरमा सबै नागरिक समान छन् भन्ने सावित गर्ने अवसर हो । सरकारले मधेशी दलितको पहिचान र अधिकार सुनिश्चित गरोस् । सरकारले आफ्नो १०० दिने कार्ययोजना सफल होस् यही शुभकामना छ ।

*(साभार: अनलाइनखबर)*

# शिक्षा क्षेत्रको अवस्था र अबको कदम

✍ प्रकाश सुवेदी

शिक्षा व्यक्ति र समाजको असीमित सम्भावनाका ढोकाहरू खोल्ने सबैभन्दा शक्तिशाली साँचो हो । कुनै पनि समाज सभ्य, अनुशासित, आर्थिक तथा भौतिक रूपमा सम्पन्न, दिगो विकास तथा उत्तरदायित्व बोध गर्न सक्ने हुनको लागि शिक्षाले अहं भूमिका खेलेको हुन्छ । आज जति पनि आर्थिक, सामाजिक, राजनीतिक, मानवीय तथा पारिस्थितिकीय विकासहरू भएका छन्, त्यसमा शिक्षाको योगदान निकै महत्वपूर्ण रहन गएको यथेष्ट प्रमाणहरू हामी व्यक्ति, टोल, समाज, वर्ग, क्षेत्र र समग्र विश्वमै स्पष्ट देख्न सक्छौं ।

मानव सभ्यताको शुरुवाती चरणमा शैक्षिक कर्महरू अनौपचारिक तथा व्यावहारिक हुने गर्थ्यो । जहाँ आदिम मानिसहरूले आफ्नो अस्तित्व रक्षाका लागि सिकार गर्ने, खाना खोज्ने र प्रकृतिमा आइपर्ने विपद्हरूसँग जुध्ने सीपहरू एक पुस्ताबाट अर्को पुस्तामा मौखिक तथा व्यवहारगत रूपमा हस्तान्तरण गर्थे । मेसोपोटामिया, इजिप्ट र सिन्धु घाँटीजस्ता चर्चित प्राचीन सभ्यताहरूको उदयसँगै लेखन कलाको विकास भयो, जसले शिक्षालाई व्यवस्थित र लिपिबद्ध बनाउन मद्दत गर्‍यो । साथै मन्दिर तथा दरबारहरू ज्ञानका केन्द्रका रुपमा विकस भए । प्राचीन ग्रीसमा केही चर्चित दार्शनिकहरू जस्तो- सुकरात, प्लेटो र अरस्तुले आलोचनात्मक सोच र तर्कशास्त्रको जग बसाल्न मद्दत गरे भने पूर्वीय सभ्यतामा गुरुकुल पद्धति र नालन्दाजस्ता विश्वविद्यालयहरूले आध्यात्मिक र शास्त्रीय ज्ञानलाई प्रवर्धन गरी शिखरमा पुर्‍याए ।

मध्ययुगीन कालमा शिक्षा प्रमुखत: धार्मिक संस्थाहरूको नियन्त्रणमा रहे पनि पुनर्जागरण पछि यसमा ठूलो परिवर्तन आयो । फलस्वरूप वैज्ञानिक चिन्तनले प्राथमिकता पाउन थाल्यो । युरोपमा भएको औद्योगिक क्रान्तिले दक्ष जनशक्तिको माग बढाएपछि उन्नाइसौं शताब्दीदेखि विद्यालय शिक्षालाई सार्वजनिक र अनिवार्य बनाउने आधुनिक प्रणालीको शुरुवात भयो । परिणामत: शिक्षा कुलीन वर्गको पहुँचबाट बिस्तारै बाहिर निस्केर सर्वसाधारणको तहसम्म पुग्यो । आजको डिजिटल युगमा शिक्षा केवल कक्षाकोठामा सीमित नभई सूचना प्रविधिको माध्यमबाट विश्वव्यापी र जीवनपर्यन्त सिकाइको प्रक्रियाका रूपमा विकसित भएको छ, जसले समग्र मानवीय प्रगतिलाई तथा क्रियाकलापहरुलाई निरन्तरता दिइरहेको छ ।

शिक्षा हजारौं वर्षदेखि अस्तित्वमा रहे पनि यसको पहुँच निकै लामो समयसम्म अभिजात वर्गसम्म मात्र रह्यो । ग्लोबल नर्थमा समेत शुरुवाती समयमा शिक्षा सीमित सम्भ्रान्त र अभिजात वर्गमा सीमित थियो । भारतवर्षको कुरा गर्नुपर्दा शिक्षा केवल कुलीन, ब्राह्मण, राजपरिवारका सदस्य र भाइभारदारहरूसम्म मात्र सीमित थियो । दलित, विपन्न तथा सीमान्तकृत वर्गको पहुँच भने बीसौं शताब्दीको अन्त्यतिर बिस्तारै शुरु भएको पाइन्छ । हाल आएर शिक्षाको व्यापक व्यवसायीकरण गरिएको छ । यस्तो खालको व्यवसायीकरण भने बीसौं शताब्दीको अन्त्यतिर मात्र देखा परेको हो, जुन विश्वीकरण, निजी क्षेत्रको विस्तार र राज्यले गर्ने सार्वजनिक लगानीमा आएको गिरावटका कारणले भएको देखिन्छ । यसअघि शिक्षालाई नाफा कमाउने साधन नभई धार्मिक, दार्शनिक, मानवीय, नागरिक तथा राज्यकेन्द्रित उद्देश्यहरूका आधारमा विकसित गरिएको थियो ।

अब एकछिन् शिक्षाले कसरी समृद्ध नैतिकवान् र उत्तरदायी देश निर्माण गर्न सक्छ भन्नेतर्फ चर्चा गरौं । सोको लागि हामीले दक्षिण कोरियाले अवलम्बन गरेको शिक्षा प्रणालीको सानो चर्चा गर्नुपर्ने हुन्छ । प्राय: शिक्षा क्षेत्रको लगानीलाई 'कोरियाली आर्थिक चमत्कार' को मुख्य कडी मानिन्छ । त्यहाँ शिक्षा क्षेत्रमा भएको सरकारी लगानीले अत्यन्तै सीपयुक्त, नैतिकवान्, औद्योगीकरणलाई अगाडि बढाउन सक्षम, शिक्षित र परिपक्व मानव संसाधन विकास गर्न सफल भयो, त्यसले देशको समग्र तथा दिगो विकासमा योगदान गर्‍यो । हाल दक्षिण कोरियाको आर्थिक विकासको मोडल विश्वमै अनुकरणीय मानिन्छ । यस सुधारका पछाडि निम्न तीनवटा प्रमुख कारणहरू थिए ।

पहिलो- कोरियाली समाजमा शताब्दीयौंदेखि कन्फुसियसको दर्शनको प्रभाव रहेको पाइन्छ । यसले शिक्षालाई नै मानिसको नैतिकता र सामाजिक मर्यादा प्राप्त गर्ने एकमात्र माध्यम मान्छ । साथैशिक्षालाई केवल जीविकोपार्जनको माध्यम मात्र नमानी आत्म-सुधार र देशप्रतिको कर्तव्यको रूपमा लिइन्छ । दोस्रो- विकासात्मक कारण मानवपुँजी नै एकमात्र स्रोत हो भनिन्छ । त्यसैले मानवीय क्षमताको विकास आवश्यक छ भन्ने मान्यता भयो ।

सन् १९५० को दशकमा युद्धपछि दक्षिण कोरियासँग न प्राकृतिक स्रोत थियो, न पर्याप्त पुँजी नै । त्यहाँको सरकारले देशको एकमात्र स्रोत मानव मस्तिष्क हो भन्ने कुरालाई राम्रोसँग महसुस गर्‍यो । सरकारले आर्थिक विकासको चरणअनुसार शिक्षामा व्यापक सुधारका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्‍यो । १९६० को दशकमा आधारभूत साक्षरता (फ्याक्ट्री कामदारका लागि), १९७० र १९८० को दशकमा प्राविधिक शिक्षा (उत्पादनमूलक उद्योगका लागि) र १९९० पछि सूचना प्रविधि क्षेत्रमा जोड दियो ।

शिक्षालाई देशको औद्योगिक नीतिसँग प्रत्यक्ष जोडिएको थियो, ताकि विद्यालयबाट निस्कने जनशक्ति सीधै उद्योगधन्दा र विकास निर्माणमा खपत हुन सकोस् । तेस्रो- शिक्षामा लगानीको लागि दक्षिण कोरियाली सरकारको सामाजिक न्याय, समानता र सामाजिक गतिशीलताप्रतिको प्रतिबद्धताले काम गर्‍यो । समाजमा धनी र गरिबबीचको खाडल कम गर्न शिक्षालाई 'बराबर अवसर' को रूपमा प्रयोग गरियो ।

हाइस्कुल समानीकरण नीति ल्याएर सबै नागरिकलाई गुणस्तरीय शिक्षाको ग्यारेन्टी गरियो । कोरियाली समाजमा शिक्षालाई सामाजिक भर्‍याङ मानिन्छ । निम्नवर्गका मानिसहरू पनि शिक्षाकै माध्यमबाट उच्च ओहोदामा पुग्न सक्ने भएकाले यसले ठूलो सामाजिक परिवर्तन ल्यायो । साथै जापानी उपनिवेश र युद्धपछि टुक्रिएको समाजलाई जोड्न र साझा राष्ट्रिय पहिचान निर्माण गर्न शिक्षा सुधारलाई प्रमुख माध्यम बनाइयो ।

दक्षिण कोरियाको सुधार अनि आर्थिक एवं सामाजिक विकास केवल विद्यालय भवन बनाउनु मात्रले सम्भव थिएन, यो त 'मान्छे बदलिए मात्र देश बदलिन्छ' भन्ने दृढ संकल्पको परिणाम थियो । राज्यको सामाजिक न्यायप्रतिको प्रतिबद्धता, शिक्षामा योजनाबद्ध सरकारी लगानीको परिणाम र जनउत्तरदायी संकल्पले मात्र दक्षिण कोरियाकाको आर्थिक, सामाजिक र राजनीतिक रूपान्तरण सम्भव रह्यो । अब कुरा गरौं नेपालको, हाम्रो संविधानले शिक्षाको अधिकारलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ । संविधानको धारा ३१ ले हरेक नेपाली नागरिकलाई शिक्षाको पहुँच र समानताको ग्यारेन्टी प्रदान गरेको छ । यस धाराअनुसार, हरेक नागरिकले आधारभूत तहसम्मको शिक्षा नि:शुल्क पाउने अधिकार राख्दछन् ।

साथै, माध्यमिक तहसम्मको शिक्षा राज्यले नि:शुल्क उपलब्ध गराउनुपर्ने संवैधानिक व्यवस्था गरिएको छ, जसले आर्थिक अवस्था कमजोर भएका तथा सामाजिक रूपले पिछडिएका समुदायका बालबालिकाहरूलाई पनि शिक्षा प्राप्त गर्न सहज बनाउँछ । अपांगता भएका व्यक्ति, दलित, जनजाति, पिछडिएका वर्ग तथा विपन्न समुदायका विद्यार्थीका लागि पनि राज्यले विशेष सुरक्षात्मक र सकारात्मक विभेदका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने दायित्व पनि यो धारामार्फत सुनिश्चित गरेको देखिन्छ । यसै गरी, संविधानको धारा ३९ (बालअधिकार) मा पनि बालबालिकाको शिक्षासम्बन्धी अधिकारलाई विशेष संरक्षण प्रदान गरिएको छ । यस धाराअनुसार, हरेक बालबालिकाले नि:शुल्क र अनिवार्य आधारभूत शिक्षा पाउने संवैधानिक ग्यारेन्टी गरेको अवस्था छ । यस्तो प्रावधानले नेपालको संविधान बालमैत्री र अधिकारमा आधारित शिक्षाको वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्छ भन्ने सन्देश स्पष्ट गरको देखिन्छ । राज्यका नीति र मार्गनिर्देशक सिद्धान्त (भाग ४) अन्तर्गत पनि शिक्षासम्बन्धी महत्वपूर्ण निर्देशिकाहरू समावेश गरिएका छन् ।

यसमा सबै नागरिकका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउने, शिक्षा क्षेत्रमा असमानता हटाउने, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन गर्ने र अनुसन्धानमुखी तथा विज्ञान-प्रविधिमैत्री वातावरण निर्माण गर्ने कुरालाई राज्यको दायित्वका रुपमा उल्लेख गरिएको छ । उपरोक्त नीति तथा प्रावधानहरूले नेपालमा शिक्षा प्रणालीलाई समावेशी, वैज्ञानिक र व्यावहारिक बनाउन मद्दत पुर्‍याउने अपेक्षा गरिएको थियो । नेपालमा विगत सात दशकदेखिको आवधिक योजनाहरू, देशको मूल कानुन संविधान, ऐन-नियम, नियमावली, विभिन्न रणनीतिक योजनाहरू र परियोजनाहरूले शिक्षालाई प्राथमिकतामा राखेको उल्लेख गरेको पाइन्छ । साथै शिक्षाको पहुँचलाई विस्तार गर्ने प्रतिबद्धता पनि गरकै छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# नसर्ने रोगको महामारी: उपचार खर्चले सडकमै पुग्छन् नागरिक




काठमाडौं/झापाकी ५५ वर्षीया हस्तिमाया लिम्बूको जीवनकथा कुनै फिल्मको स्क्रिप्ट जस्तो लाग्छ । श्रीमान् सम्पर्कविहीन भएपछि दुई छोरीको जिम्मेवारी एक्लै बोक्दै हस्तिमायाले २०७३ सालमा ओमनको गन्तव्य रोजिन् ।

ओमनमा हस्तिमायाको दिनचर्या कठिन थियो । बिहान ५ बजेदेखि राति ११ बजेसम्म घरेलु कामदारको रूपमा निरन्तर काम गर्नुपर्ने हुन्थ्यो । 'सरसफाइ, खाना पकाउने, लुगा धुने सबै काम गर्थें' हस्तिमाया ती दिन सम्झिँदै भन्छिन्, 'रात-दिन काम गरिरहँदा शरीर एकदमै दुख्थ्यो । कहिलेकाहीं पेनकिलर खाएर सुत्थें ।'

अत्यधिक गर्मीमा पनि हतपत्त पानी पिउन्थिन् । अत्यधिक कामको दबाबले दिसाबपिसाब च्यापेर बस्थिन् । यस्तो बानीले स्वास्थ्यमा गम्भीर असर पर्न थाल्यो । खानामा रुचि घट्यो, ढाड धेरै दुख्न थाल्यो । लगातार वान्ता हुन थाल्यो । एक दिन बेहोस नै भएपछि मालिकले अस्पताल पुऱ्याए । अस्पतालमा होश खुल्दा सुनेको खबरले उनलाई स्तब्ध पाऱ्यो । हस्तिमायाको दुवै मिर्गौलाले काम गर्न छोडिसकेको थियो ।

चार दिनसम्म अस्पतालमा डायलासिस गरेपछि रोजगारदाताले उनलाई नेपाल फर्काइदिए । नेपाल फर्किंदा कोरोना महामारीले थप चुनौती थप्यो । डायलासिस गर्दागर्दै कोरोना संक्रमणले उनको अवस्था झनै जटिल बन्यो । संघर्ष यतिमै रोकिएन । उनकी बहिनी मिर्गौला दिन तयार भइन्, तर पित्तथैलीमा ढुंगा पाइएपछि पित्तथैली नै निकाल्नु पऱ्यो । चैत २०८० मा हस्तिमायाको मिर्गौला प्रत्यारोपण सफल भयो । तर अहिलेसम्मको उपचारका लागि ६० लाखभन्दा बढी खर्च भएको उनी सुनाउँछिन् ।

'काम गर्ने घरमा प्रत्येक दिनजसो मासुका परिकार बनाउनु पर्थ्यो । त्यो पनि अत्यधिक तारेको मासु मनपराउँथे' उनी भन्छिन्, 'मैले पनि तेलमा तारेको मासु खाँदा मिर्गौलामा असर गरेको जस्तो लाग्छ ।' अहिले बेला-बेलामा उनी फलोअपका लागि त्रिवि शिक्षण अस्पताल पुग्छिन् । 'अहिले आफूलाई बँचाउनै अरूको भर पर्नुपरेको छ' हस्तिमायाले दु:खेसो गरिन्, 'महिनाको औषधि मात्रै १५ हजारको खानुपर्छ ।'

झण्डै यस्तै अनुभव छ- काभ्रेका ५२ वर्षीय रामबहादुर तामाङको । उनी काठमाडौं मैजुबहालमा डेरा गरेर भारी बोक्ने काम गर्थे । दैनिक ज्याला-मजदुरी गरेर परिवार पाल्दै आएका उनी बिहान काममा जाने, बेलुका डेरामा फर्कने चक्र चलिरहेको थियो ।

'एक्लै डेरामा बस्ने हुँदा खाना पकाउन अल्छी लाग्थ्यो । बिहान-बेलुका बजारकै खानेकुरा खान्थें' तामाङ भन्छन्, 'त्यसको सिधै असर विस्तारै स्वास्थ्यमा देखियो ।'

उनका अनुसार बजारमा सजिलै पाइने चिल्लो, तारेका र जंकफूड खानेकुरा खाने बानीले विस्तारै शरीरमा असर पार्दै गयो ।

रामबहादुरलाई अस्वाभाविक थकान, शरीर सुन्निने र स्वास्थ्य बिग्रिने समस्या देखिन थाल्यो । अवस्था गम्भीर भएपछि अस्पताल पुगेका रामबहादुरलाई चिकित्सकले मिर्गौला फेल भएको र अन्तत: मिर्गौला प्रत्यारोपण नै गर्नुपर्ने बताए । केही वर्षसम्म उनी डायलासिसकै सहारामा बाँच्न बाध्य भए ।

दुई वर्षअघि उनका छोराले मिर्गौला दान गरे । त्यसपछि रामबहादुरको सफल प्रत्यारोपण भयो । तर आर्थिक संकटले भने उनको परिवारलाई सडकमा ल्यायो ।

'बजारमा पाइने धेरै चिल्लो खानेकुरा खान्थें । दुनोट, समोसा, जंकफुड, चाउमिन, मम र तारेको मासु खानेकुरा धेरै खाइन्थ्यो' रामबहादुर सम्झिन्छन्, 'त्यही बानीले नै मिर्गौला बिग्रिएको रहेछ ।'

रामबहादुरका अनुसार सरकारले मिर्गौला प्रत्यारोपणका लागि ५ लाख रुपैयाँ सहयोग दिएको थियो । तर प्रत्यारोपणपछि लाग्ने औषधि, परीक्षण र अन्य खर्चले एकछेउ पनि लागेन । 'सरकारले ५ लाख सहयोग दियो, तर त्यसले मात्रै पुगेन' उनी भन्छन्, 'घरजग्गा नै बेचेर उपचार गर्नुपऱ्यो ।'

यी उदाहरणले के बताउँछन् ? जनस्वास्थ्यविद् डा. केदार बरालका भनाइमा, 'रहनसहन र जीवनशैलीमा आएका परिवर्तन जस्ता कारणले नसर्ने रोगको संख्या बढिरहेको देखाउँछ ।' पछिल्लो समयमा खानपान र जीवनशैलीमा आएको परिवर्तनका कारण नसर्ने रोगको जोखिम बढ्दै गएको विशेषज्ञहरूको भनाइ छ । केही दशक अगाडिसम्म मृत्युको प्रमुख कारण सरुवा रोग हुने गर्थ्यो ।

नेपालमा मृत्युको कारण बनेका प्रमुख १० रोगमध्ये ८ वटा नसर्ने रोग छन् । नेपाल 'बर्डेन अफ डिजिज' को पछिल्लो तथ्यांक अनुसार नसर्ने रोगले वार्षिक १ लाख ९३ हजार ३३१ जनाको मृत्यु हुन्छ । मुटु तथा रक्तनली सम्बन्धी रोग नै नेपालीको सर्वाधिक मृत्युको कारण बनेको छ । मुटुरोगको कारण वार्षिक ४६ हजार ३९९ नेपालीको मृत्यु हुन्छ । यसपछि दीर्घ श्वास-प्रश्वास रोगले ४० हजार ७९२ नेपालीलाई अकालमै लैजान्छ ।

यस्तै ट्युमर र क्यान्सर रोगले २१ हजार ६५३ नेपालीको मृत्यु हुन्छ । फोक्सो संक्रमण र क्षयरोगका कारण १६ हजार २३९, पाचन प्रणाली सम्बन्धी रोगले ११ हजार ४०६ जना, मातृ तथा शिशुको समस्याका कारण १० हजार ५३ जनाले ज्यान गुमाउँछन् ।

यस बाहेक मधुमेह तथा मिर्गौला रोगका कारण ८ हजार ५०३, अप्रत्याशित दुर्घटना र चोटपटकका कारणले ८ हजार ११९, आन्द्राको संक्रमणले ६ हजार ९५९ र मानसिक समस्याका कारण ४ हजार ४४६ जनाको मृत्यु हुने गर्छ ।

विज्ञहरूका अनुसार, नसर्ने रोगको मुख्य कारण बदलिंदो खानपान र आधुनिक जीवनशैली हो । पछिल्लो तथ्यांक अनुसार नेपालमा करिब ७१ प्रतिशत मृत्यु नसर्ने रोगकै कारण हुने गरेको छ । विज्ञका अनुसार उच्च रक्तचाप, मुटु तथा रक्तनलीका रोग, मधुमेह, क्यान्सर, दम र मिर्गौला सम्बन्धी समस्या प्रमुख चुनौतीका रूपमा देखिएका छन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत चिकित्सा समाजशास्त्री प्रा.डा मधुसूदन सुवेदी नेपालमा पछिल्लो तीन दशकयता नसर्ने रोग तीव्र रूपमा बढ्दै गएको बताउँछन् । जीवनशैलीमा आएको तीव्र परिवर्तनले रोगको भार बढाएको चिकित्सकहरू बताउँछन् । 'पहिले दैनिक हिंडडुल, खेतीपाती आदिले गर्दा पर्याप्त शारीरिक श्रम हुन्थ्यो, अहिले मोटरसाइकल र स्कुटर विना काम नचल्ने अवस्था छ', डा. सुवेदी भन्छन् । शारीरिक निष्क्रियता, व्यायामको कमी र बढ्दो मोटोपनले नसर्ने रोगलाई बढाइरहेको उनको भनाइ छ ।

खानपानमा आएको परिवर्तनलाई डा. सुवेदी अर्को मुख्य कारण मान्छन् । बजारमा उपलब्ध चिल्लोयुक्त, प्रशोधित तथा 'फास्ट फुड' को अत्यधिक प्रयोग, विषादीयुक्त तरकारी र फलफूलले मुटु, मधुमेह, क्यान्सर जस्ता समस्या बढाएको डा. सुवेदी बताउँछन् । 'हामीले बजारमा भएका स्वस्थ खाना खाएको ठान्छौं, तर त्यसमा भएको विषादीयुक्त खानेकुराले हामीलाई दिनदिनै मारिरहेको छ', डा. सुवेदी भन्छन् ।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजु अहिले बजारमा पाइने धेरैजसो खानेकुरामा चिल्लो पदार्थको मात्रा अत्यधिक हुने गरेको बताउँछन् । यस्ता परिकार लामो समयसम्म सुरक्षित राख्न विभिन्न प्रकारका प्रिजर्भेटिभ पनि प्रयोग गरिन्छन् । तेलमा तारेका तथा फ्रोजन परिकारहरू दैनिक खानामा समावेश हुँदा शरीरमा ट्रान्सफ्याटको मात्रा विस्तारै बढ्दै जाने गरेको डा. कोजु बताउँछन् ।

ट्रान्सफ्याटयुक्त (नराम्रो चिल्लो) खानेकुराले स्वास्थ्यमा समस्या एकै दिनमा देखिँदैन । तर वर्षौंसम्मको खानपानले क्रमश: गम्भीर स्वास्थ्य समस्या निम्त्याउँछ । डा. कोजुका अनुसार ट्रान्सफ्याटले शरीरमा कोलेस्ट्रोल बढाउने, उच्च रक्तचाप, मधुमेह र मोटोपन लगायत समस्या ल्याउँछ । यी सबै कारकतत्वले मुटु, मिर्गौला र मस्तिष्क लगायत रोगको जोखिम बढ्ने उनको भनाइ छ ।

अहिले हाम्रो भान्सादेखि बजारका प्याकेटबन्द परिकारसम्ममा चिल्लो पदार्थयुक्त खानेकुराको प्रयोग बढ्दो छ । बिस्कुट, कुकिज, समोसा, चिप्स, केक, पिज्जा, मोमो जस्ता परिकार धेरैका लागि दैनिक खानाको हिस्सा बनिरहेका छन् ।

डा. कोजुका अनुसार यसमा रहेको चिल्लो पदार्थले विस्तारै मुटु र रक्तनलीलाई क्षति पुऱ्याउँदै जान्छ । 'यो तुरुन्त देखिने समस्या होइन, तर दीर्घकालमा मुटुको स्वास्थ्यका लागि मौन विषसरह हुन सक्छ', डा. कोजु भन्छन् ।

### विपन्न नसर्ने रोग खर्च पाँच वर्षमा दोब्बर

नसर्ने रोगले बिरामीको भार तीव्र बढिरहेको सरकारी तथ्यांकले नै देखाउँछ । सरकारले विपन्न नागरिक औषधि उपचार कार्यक्रममा अन्तर्गत कडा रोग लागेका बिरामीलाई आर्थिक सहुलियत दिने गरेको छ । जसमा क्यान्सर, मुटु, डायलासिस र मिर्गौला प्रत्यारोण, पार्किन्सन्स्, अल्जाइमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमिया रोग समावेश छन् ।

स्वास्थ्य सेवा विभागको तथ्यांक अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत रहेर आ.व २०७७/७८मा क्यान्सर रोग लागेका १५ हजार १८७ जनाले सेवा लिएका थिए । तर सो संख्या पाँच वर्षमा बढेर (२०८१/८२ मा) २८ हजार ६७८ पुग्यो । त्यसैगरी मुटु रोगमा सेवा लिने पनि पाँच वर्षमा दोब्बरले बढे । २०७७/७८ मा ४ हजार ४१८ जनाले सेवा लिएकोमा २०८१/८२ मा ८ हजार ९२६ पुग्यो ।

त्यसैगरी, २०८१/८२ मा विपन्न कार्यक्रम अन्तर्गत १२ हजार ७२ मिर्गौला रोगीले सेवा लिएका थिए । जबकि २०७७/७८ मा ७ हजार १४१ बिरामी थिए । समग्रमा हेर्दा विपन्न कार्यक्रम मार्फत २०७७/७८ मा २९ हजार ४९८ (सबै कडा रोग) सेवा लिएका थिए । तर पाँच वर्षमा दोब्बर भन्दा बढीले सेवा लिएको स्वास्थ्य सेवा विभागको तथ्यांकले देखाउँछ । २०८१/८२ मा मात्रै ५३ हजार ५७७ जना बिरामीले सेवा लिएका छन् ।

यस्तै, पाँच वर्षमा विपन्न वर्गका नागरिकका उपचारको खर्चको भार पनि दोब्बरले बढेको छ । आ.व २०७७/७८ मा २ अर्ब १४ करोड खर्च सरकारले व्यहोरेको थियो । पाँच वर्षमा खर्च भार बढेर ४ अर्ब ४२ करोड पुगेको थियो । अहिले उक्त सेवा स्वास्थ्य बीमा बोर्ड अन्तर्गत दिन थालिएको छ । वैशाखयता मात्रै कडा रोगका ४६ हजार ६९६ विपन्न वर्गले सेवा लिएको बोर्डको तथ्यांक छ । त्यसैगरी बीमाबाट नसर्ने रोगको सेवा लिने दर बढ्दो देखिन्छ ।

बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार बीमा मार्फत सेवा लिने धेरै बिरामी उच्च रक्तचाप, मधुमेह र क्यान्सर जस्ता नसर्ने रोगका छन् । मल्लका अनुसार बोर्डमा प्राप्त हुने दाबी तथ्यांकको विश्लेषण गर्दा नसर्ने रोगको सेवा लिने प्रवृत्ति उल्लेख्य रूपमा देखिएको छ । बीमाबाट सबैभन्दा बढी दाबी हुने प्रमुख १० रोगको सूचीमा नसर्ने रोगको हिस्सा आधा छ ।

पछिल्लो समय नसर्ने रोगका बिरामी संख्या मात्र बढिरहेको छैन, यसले स्वास्थ्य प्रणालीमा आर्थिक भार पनि बढाउँदै लगेको छ । 'पछिल्ला वर्षहरूमा नसर्ने रोगका बिरामीहरू बढिरहेका छन् । त्यससँगै स्वास्थ्य बीमा प्रणालीमा पनि यसको आर्थिक भार बढ्दो रूपमा देखिएको छ', मल्ल भन्छन् ।

नसर्ने रोगका उपचारका लागि नागरिकले आफ्नै खल्तीबाट गर्ने खर्च ४० प्रतिशत छ । मधुमेह, मिर्गौला, क्यान्सर, उच्च रक्तचाप, मुटुरोग जस्ता दीर्घकालीन रोगको भार तीव्र रूपमा बढ्दा स्वास्थ्य प्रणालीमाथि दीर्घकालीन आर्थिक बोझ थपिरहेको विज्ञ बताउँछन् ।

नेपालमा कुल स्वास्थ्य खर्चको करिब एकतिहाइ हिस्सा नसर्ने रोगकै उपचारमा खर्च हुन थालेको स्वास्थ्य अर्थशास्त्री घनश्याम गौतम बताउँछन् । 'नसर्ने रोग दीर्घकालीन प्रकृतिका हुन्छन् । त्यसैले उपचार खर्च पनि लामो समयसम्म निरन्तर लाग्छ' गौतम भन्छन्, 'यसले व्यक्तिगत खर्च मात्र होइन, सरकारको खर्च पनि बढाउँदै लैजान्छ ।'

सरकारी तथ्यांक अनुसार नसर्ने रोगको उपचारका लागि एकपटक स्वास्थ्य सेवा लिन जाँदा औसतमा नागरिकले करिब २७ हजार रुपैयाँसम्म खर्च गर्ने गरेका छन् । यस्तो खर्चले दीर्घकालमा परिवारको आर्थिक अवस्थालाई समेत कमजोर बनाउने जोखिम रहेको गौतमको भनाइ छ ।

स्वास्थ्य उपचार खर्चकै कारण हरेक वर्ष ५ लाखभन्दा बढी नागरिक गरिबीको रेखामुनि धकेलिन्छन् । 'संक्रामक वा महामारी जस्तो रोगमा केही समय खर्च लागे पनि फेरि सामान्य अवस्थामा फर्किन सक्छ' स्वास्थ्य अर्थशास्त्री गौतम भन्छन्, 'तर नसर्ने रोग भने निरन्तर बढ्ने प्रकृतिको हुन्छ । त्यसैले समयमै रोकथाममा ध्यान नदिए स्वास्थ्य प्रणाली झन् मँहगो बन्दै जान्छ ।'

गौतमका अनुसार जीवनशैली, अस्वस्थ खानपान र बढ्दो प्रशोधित (प्रोसेस्ड) खाद्य पदार्थको प्रयोगले नसर्ने रोगको जोखिम बढाइरहेको छ ।

गौतमको भनाइमा चिनी धेरै भएका पेय, ट्रान्स फ्याट भएका खाद्य पदार्थ र अल्ट्रा-प्रोसेस्ड फुडको उपभोग बढ्नु नसर्ने रोगका कारकतत्व मध्ये एक हो ।

मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाका अनुसार नेपालीमा रोग लागिसकेपछि मात्रै उपचारमा ध्यान दिने प्रवृत्ति हावी रहेको बताउँछन् । रोग लागेपछि ठूलो खर्च गरेर उपचार गर्नु भन्दा रोग लाग्नै नदिने वा शुरुमै पहिचान गरेर नियन्त्रण गर्ने नीति अपनाउनु बुद्धिमानी हुने डा. कोइरालाको भनाइ छ ।

डा. कोइराला सरकारले अब उपचारभन्दा पनि रोकथाममा लगानी गर्नुपर्ने बताउँछन् । डा. कोइराला भन्छन्, 'मानिसले बेला-बेला स्वास्थ्य परीक्षण र जीवनशैली सुधार गर्दा रोग लाग्दैन । तर रोग लागेपछि उपचार खर्चकै कारणले मानिसले खेतबारी समेत बेच्नुपर्ने वा उपचार खर्च नभएर मर्नुपर्ने अवस्था छ ।'

### प्रदूषण र जंकफुडले फैलाएको रोगको जालो

विशेषज्ञका अनुसार धूम्रपान, असन्तुलित खानपान, शारीरिक निष्क्रियता, मोटोपना र तनाव जस्ता कारणले नसर्ने रोगको जोखिम झन् बढ्दै गएको छ । धुलिखेल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजुका अनुसार पछिल्लो समय जीवनशैलीमा आएको नकारात्मक परिवर्तनले मुटुका बिरामीको संख्या तीव्र रूपमा बढिरहेको छ ।

मुटु सम्बन्धी रोगमध्ये फदयघात सबैभन्दा घातक समस्या बनेको डा. कोजु बताउँछन् । 'मुटु सम्बन्धी रोगका कारण हुने मृत्युमध्ये करिब ७० प्रतिशत फदयघातका कारण हुन्छ' डा. कोजु भन्छन्, 'आजभोलि युवावस्थामै फदयघातका घटना देखिन थालेका छन् । जसको मुख्य कारण धूम्रपान हो ।' जनचेतना बढे पनि धूम्रपान त्याग्ने प्रवृत्ति अपेक्षाअनुसार नदेखिएको उनको भनाइ छ ।

मुटु तथा रक्तनलीको समस्याले मस्तिष्कघात (स्ट्रोक)को जोखिम पनि बढाइरहेको चिकित्सकहरू बताउँछन् । वीर अस्पतालका न्युरोसर्जन डा. राजीव झाका अनुसार अहिलेको दरमा स्ट्रोकका बिरामी बढ्दै जाने हो भने आगामी ८-१० वर्षभित्र मृत्युको प्रमुख कारण बन्ने सम्भावना छ । उच्च रक्तचाप, मुटुका रोग, धूम्रपान, मदिरा सेवन र मोटोपना स्ट्रोकका प्रमुख जोखिम कारक मानिन्छन् ।

छाती रोग विशेषज्ञ डा. राजु पंगेनीका अनुसार दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगमध्ये सीओपीडी, दम र आस्थमाले ९० प्रतिशतभन्दा बढी बिरामीलाई प्रभावित पारेको छ । पंगेनीका अनुसार दीर्घ श्वासप्रश्वास सम्बन्धी समस्यामा फोक्सो र श्वासनली सुन्निने तथा खुम्चिने हुन्छ । जसका कारण सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, स्वाँ-स्वाँ हुने, छाती कस्सिने र भारी हुने जस्ता लक्षण देखिन्छन् । धूम्रपान र वायु प्रदूषण दम रोगका प्रमुख कारण हुन् । बाल्यकालमा भएको श्वासप्रश्वास सम्बन्धी संक्रमणले पनि पछि गएर दम रोग निम्त्याउने गर्छ ।


डा. पंगेनीका अनुसार विशेषगरी ४० वर्षभन्दा माथिका व्यक्तिमा वंशाणुगत दम बढी देखिन्छ । वृद्धवृद्धामा चुरोट, बिंडी सेवन तथा वायु प्रदूषणका कारण सीओपीडी अर्थात् बुढ्यौलीमा देखिने दीर्घ श्वासप्रश्वास समस्या हुने जोखिम उच्च रहेको डा. पंगेनी बताउँछन् ।

'वर्तमान जीवनशैली र वातावरणीय प्रदूषणले मानिसको रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आएको छ' डा. पंगेनी भन्छन्, 'मिसावटयुक्त हावापानी र अस्वस्थकर खानपानका कारण मानिसको स्वास्थ्य दिन प्रतिदिन कमजोर बन्दै गएको छ ।' क्यान्सर विशेषज्ञ डा. विवेक आचार्यका अनुसार खराब खानपान, असन्तुलित दिनचर्या र अस्वस्थ रहन सहनका कारण शरीरका कोषिकाहरूमा अनियन्त्रित वृद्धि भई क्यान्सरको जोखिम बढ्छ । 'खराब जीवनशैलीका कारण शरीरका कोष तथा कोषिकामा असामान्य वृद्धि हुन्छ, जसबाट गिर्खा बनेर क्यान्सर विकास हुन सक्छ', डा. आचार्य भन्छन् ।

वातावरणीय प्रदूषण, धुलो-धुवाँ र रासायनिक पदार्थको सम्पर्कले पनि क्यान्सरको जोखिम बढाउँछ । विशेषगरी प्याकेजिङ खाना, जंकफुड तथा प्रशोधित खाद्य पदार्थको बढ्दो प्रयोगले क्यान्सरको जोखिम बढाएको डा. आचार्य बताउँछन् । आचार्यका अनुसार अत्यधिक मासु, नियमित जंकफुड, तारेको, भुटेको तथा पोलेको खानेकुरा बढी खाने व्यक्तिमा पाचन नलीको क्यान्सरको जोखिम बढी हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# हवाई इन्धनको मूल्य दोब्बरले बढ्यो



काठमाडौं/हवाई इन्धनको झन्डै दोब्बरले बढेको छ । नेपाल आयल निगमले मंगलबार गरेको समायोजनमा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै तर्फको उडानमा झन्डै दोब्बर बढ्नेगरी मूल्य समायोजन गरेको छ ।

मंगलबार सार्वजनिक निगमको प्रेस विज्ञप्तिअनुसार हवाई इन्धनको मूल्य आन्तरिकतर्फ साविक १२७ प्रतिलिटर रहेकामा समायोजन गरेर २५१ रुपैयाँ प्रतिलिटर कायम गरिएको छ ।

यस्तै अन्तर्राष्ट्रिय उडान तर्फ काठमाडौंमा यसअघि प्रति किलोलिटर ९६६ अमेरिकी डलर रहेकामा नयाँ समायोजनअनुसार एक हजार ७८५ डलर पुगेको छ ।

यस्तै पोखरामा यसअघि प्रतिकिलो लिटर ८०१ डलर रहेकामा बढाएर एक हजार ७३२ डलर पुग्दा भैरहवामा एक हजार ७१६ डलर पुऱ्याइएको छ । भैरहवामा यसअघि प्रतिकिलो लिटर ७८९ डलरमा कारोबार भइरहेको थियो ।

# किराँत संस्कृतिमा बनेको 'नाक्छोड' हङकङमा प्रदर्शन हुने



काठमाडौं/किराँत राई समुदायको मौलिक संस्कृति र मूल्य-मान्यतामा आधारित फिल्म 'नाक्छोड' (विजुवा) हङकङमा प्रदर्शन हुने भएको छ । किराँत राई यायोक्खा हङकङको आयोजनामा अप्रिल ५ (२२ चैत)मा हङकङमा फिल्मको प्रदर्शन हुन लागेको हो । निर्माता ज्योतिराज राईका अनुसार फिल्मको शो हङकङको नाथन रोडस्थित जोर्डनमा रहेको जेडी मलमा आयोजना हुनेछ ।

किराँत समुदायमा नाक्छोङ (विजुवा)को महत्व र यसको अभावले समुदायको रीतिरिवाज, कुलपितृ, विवाह र मरणशरणमा पार्ने प्रभावबारे सचेतना जगाउने उद्देश्यले निर्माण गरिएको यस फिल्ममा भुवन सिंह राई, यासेली योङ्हाङ, सुष्मा सुब्बा गुरुङ, अनुशा राई, हेम दिलुङ्छा राई, उदय शुब्बा कुरुङबाङ, सारा राई लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

फिल्मका निर्देशक किरण राई हुन् । उनले यसअघि 'लुङ्गा' र 'जिउपंचौ' जस्ता फिल्मको निर्देशन गरिसकेका छन् । यस फिल्ममा बाबु श्रेष्ठको छायांकन, किरण राईको सम्पादन, राजन मुकारुङ र विष्णु किराँतीको शब्द तथा दिनेशकाजी वान्तवा र अनिल कोई राईको संगीत रहेको छ । नेपालमा फिल्मलाई आगामी वर्ष प्रदर्शन गर्ने तयारी गरिएको छ ।

# 'धुरन्धर २' बन्यो सर्वाधिक कमाउने बलिउड फिल्म



काठमाडौं/बलिउड अभिनेता रणवीर सिंह अभिनीत फिल्म 'धुरन्धर : द रिभेन्ज'ले रिलिज भएको दिनदेखि नै कमाइमा नयाँ रेकर्ड बनाउँदै आएको छ । बलिउडको इतिहासमै सबैभन्दा ठूलो ओपनिङ गरेको यो फिल्मले पहिलो सातामा सर्वाधिक कमाउने हिन्दी फिल्मको कीर्तिमान बनाएको थियो । दोस्रो सातामा आइपुग्दा फिल्मले बलिउडको नाममा रहेको सबै रेकर्ड तोडेको छ ।

यो फिल्मले दोस्रो सोमबारसम्म भारतमा मात्रै ८७२ करोड नेट (१ हजार करोड ग्रस) कमाएको छ । योसँगै 'धुरन्धर २' भारतमा सबैभन्दा धेरै कमाउने बलिउड फिल्म बनेको छ । यसअघि बलिउडको सर्वाधिक कमाउने फिल्म 'धुरन्धर'को पहिलो भाग थियो, जसले ८४० करोड नेट कमाएको थियो । अब यो दोस्रो स्थानमा झरेको छ भने तेस्रो स्थानमा 'जवान' (६४० करोड) रहेको छ ।

'धुरन्धर २' विश्वव्यापी सर्वाधिक कमाउने तेस्रो बलिउड फिल्म समेत बनिसकेको छ । यसले १२ दिनमा १३९२ करोड कमाएको छ । यसमा ओभरसिजको योगदान ३५० करोड छ । अब यो फिल्मले आफ्नै अघिल्लो भागको १४२८ करोड र 'दंगल'को २०७० करोडको आँकडालाई उछिनेको खण्डमा विश्वव्यापी सर्वाधिक कमाउने बलिउड फिल्मको इतिहास रच्नेछ ।

'धुरन्धर २' बलिउडको सर्वाधिक कमाउने फिल्म बन्दै गर्दा यसले साउथमा पनि रेकर्ड बनाउने सम्भावना देखिएको छ । हालसम्म सबैभन्दा ठूलो नन-साउथ फिल्मको रेकर्ड हलिउडको 'अवतार २'को नाममा छ, जसले साउथका चार राज्यबाट २९७ करोड भारु कमाएको थियो । यो रेकर्ड पछ्याइरहेको 'धुरन्धर २'ले अहिलेसम्म साउथमा २२६ करोडभन्दा बढी कमाइसकेको छ ।

बदला र ग्याङवारको कथामा आधारित यस फिल्ममा रणवीरसहित अर्जुन रामपाल, सञ्जय दत्त, आर माधवन लगायतको मुख्य भूमिका रहेको छ । फिल्मलाई आदित्य धरले लेखन, निर्देशन तथा निर्माण गरेका हुन् । यो फिल्मको रनटाइम ३ घण्टा ४९ मिनेट रहेको छ, जसले यसलाई २१औं शताब्दीको दोस्रो सबैभन्दा लामो बलिउड फिल्म बनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## हेटौंडाको मेनरोड विवाद अझै अन्योलमा

# पथलैया-हेटौंडा-नारायणगढ सडक स्तरोन्नति यसैवर्ष सुरु हुने

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ पूर्व-पश्चिम राजमार्गको पथलैयादेखि नारायणगढ सडकखण्ड विस्तारको काम अगाडि बढ्ने भएको छ । १ सय किलोमिटर सडकखण्ड स्तरोन्नतिका लागि आवश्यक वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट रायसुझावका लागि सार्वजनिक भएको छ ।

मधेश प्रदेशको बारा, बागमती प्रदेशको मकवानपुर र चितवनमा प्रस्तावित १ सय किलोमिटर सडक स्तरोन्नतिका लागि भन्दै वन तथा वातावरण मन्त्रालयले राय सुझावका लागि वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट सार्वजनिक गरेको हो । सडक स्तरोन्नतिमा एसियाली विकास बैंक (एडीबी) को लगानी हुनेछ । सडक भरतपुर महानगर पालिका, हेटौंडा उपमहानगर पालिका, जीतपुरसिमरा उपमहानगर पालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका, राप्ती नगर पालिका र मनहरी गाउँपालिका क्षेत्रमा पर्दछ । सडकको सुरुविन्दु बाराको पथलैया र अन्तिमबिन्दु चितवनको गोन्द्र्याङ रहनेछ ।

यो आयोजनाअन्तर्गत सडकको आफ्नै स्वामित्वमा रहेको ५० मिटर अधिकार क्षेत्रमा अस्फाल्ट कंक्रिटबाट निर्मित ४ लेनको सडक ३ मिटर आइल्यान्डसहित आवश्यक्ता अनुसार सोल्जर निर्माण गरिनेछ ।




यो सडकखण्डमा वन्यजन्तु वारपारका लागि १९ वटा वन्यजन्तु निकास र २ स्थानमा भायाडक्ट निर्माण गरिनेछ । सडक स्तरोन्नतिका क्रममा ४१ वटा पुल र २ सय ४६ वटा कल्भर्ट निर्माण गरिने रिपोर्टमा उल्लेख गरिएको छ । पूर्व-पश्चिम राजमार्ग नेपालको प्रमुख आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारिक राजमार्गका साथै एसियाली राजमार्गको खण्ड पनि हो ।

दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग सडक सुधार आयोजनाले पूर्व-पश्चिम राजमार्गमा पर्ने पुलसहित २ सय ७० किलोमिटर सडकखण्ड स्तरोन्नति गर्दैछ । जसमध्ये काँकरभिट्टा-लौकही सडकखण्ड १ सय २० किलोमिटर, बुटवल-गोरुसिङ्गे सडकखण्ड ५० किलोमिटर तथा पथलैया-हेटौंडा-नारायणगढ सडकखण्ड १ सय किलोमिटर रहेको छ । प्रस्तावित आयोजनाले पथलैया-हेटौंडा-नारायणगढ सडक खण्डका सबै पुल-पुलेसासहित २ लेनको सडकलाई ४ लेनमा स्तरोन्नति गर्नेछ ।

यो सडकखण्ड मधेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुर र चितवन भएर गएको छ । पथलैया-हेटौंडा-नारायणगढ सडक स्तरोन्नतिपश्चात ट्राफिक जाम न्यूनीकरण, यात्रामा गुणस्तर अभिवृद्धि तथा सडक सुरक्षामा सुधार ल्याउने लक्ष्य लिइएको छ । आयोजना अन्तर्गत विद्यमान सडक तथा पुल एसियन राजमार्ग मापदण्डमा स्तरोन्नति गरिने भएको छ । सडकको चौडाइ सहरी क्षेत्रमा ५० मिटर, अर्धसहरी (सहरोन्मुख) क्षेत्रमा ३७.४ मिटर र ग्रामीण तथा वनक्षेत्रमा २४ मिटर कायम गरिएको छ ।

सडक स्तरोन्नतिका अवयवअन्तर्गत १ सय किलोमिटरको सडकखण्डलाई २ लेनबाट ४ लेनमा स्तरोन्नति गर्ने, पेभमेन्ट स्तरोन्नति, ज्यामितीय सुधार, २० स्थानमा चोकसुधार, सडकका दुवै भागमा सर्भिस रोड, साइकल लेन, सहरी क्षेत्रमा फुटपाथ, पैदलयात्रु क्रसिङका लागि ६ स्थानमा आकासेपुल र १२ स्थानमा अन्डरपास, ४ किलोमिटर भन्दा बढी लम्बाइ भएको २ भायडक्ट सहित २१ स्थानमा वन्यजन्तु क्रसिङ स्ट्रक्चर निर्माण गरिने रिपोर्टमा उल्लेख गरिएको छ । सडकखण्डमा ४१ वटा पुल र २ सय ४६ वटा बक्स कल्भर्ट निर्माण हुनेछ ।

प्रस्तावित पुलका लागि १ सय वर्ष रिटर्न फ्लो, कल्भर्टका लागि ५० वर्ष रिटर्न फ्लो र साइड ड्रेनका लागि २५ वर्ष रिटर्न फ्लोमा डिजाइन गरिएको छ । प्रस्तावित स्तरोन्नतिका कार्य सडकको ५० मिटर क्षेत्राधिकारभित्र सम्पन्न गरिने भएकाले क्षेत्राधिकारभन्दा बाहिर स्थायीरुपमा थप जमिन आवश्यक नपर्ने रिपोर्टमा उल्लेख छ । सडक स्तरोन्नति तथा पुल निर्माणमा ५४ अर्ब २९ करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ । यो आयोजना सन् २०२६ भित्रै सुरु भएर ३ वर्षमा सम्पन्न हुने अनुमान गरिएको छ ।

## एक हप्ताभित्र प्रदेशसभा बैठक बोलाउन सरकारलाई अनुरोध

# बागमतीको सभामुखमा कांग्रेसले दाबी गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकले प्रदेशको समसामयिक राजनीतिक, प्रशासनिक तथा संगठनात्मक विषयमा व्यापक छलफल गर्दै महत्वपूर्ण निर्णय सार्वजनिक गरेको छ ।

काठमाडौँमा मंगलबार बसेको बैठक संसदीय दलका नेता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा सम्पन्न भएको हो । बैठकले प्रदेशसभा बैठक लामो समयसम्म अवरुद्ध रहनु उचित नभएको निष्कर्ष निकाल्दै एक साताभित्रै प्रदेशसभा बैठक सञ्चालन गर्न प्रदेश सरकारलाई औपचारिक अनुरोध गर्ने निर्णय गरेको छ । प्रदेशको नीति निर्माण तथा प्रदेशबासीको समस्याका विषयमा प्रभावकारी छलफलका लागि प्रदेशसभा नियमित सञ्चालन अपरिहार्य रहेको बैठकले औंल्याएको छ ।

त्यसैगरी, बागमती प्रदेशसभाको सभामुख पदमा नेपाली कांग्रेसले आफ्नो दाबी प्रस्तुत गर्ने निर्णयसमेत बैठकले गरेको छ । सभामुख पदमा आफ्नो नेतृत्व सुनिश्चित गर्दै प्रदेशसभाको कार्यसञ्चालनलाई प्रभावकारी बनाउनेतर्फ पार्टीले पहल गर्ने जनाइएको छ । प्रशासनिक पुन:संरचनाका विषयमा बैठकले विशेष चासो व्यक्त गरेको छ । प्रदेश सरकारले गठन गरेको उच्चस्तरीय प्रशासनिक पुन:संरचना समितिले पेश गरेको मस्यौदामा हाल रहेका १३ मन्त्रालयलाई घटाएर ७ मन्त्रालयमा सीमित गर्ने, ७ वटा निर्देशनालयलाई २ वटामा सीमित गरी ५ वटा खारेज गर्ने प्रस्ताव समावेश छ ।

हाल कायम रहेका कर्मचारी दरबन्दीमध्ये ७०१ जना कर्मचारी कटौती गर्ने विषय पनि मस्यौदामा उल्लेख गरिएको छ । बैठकले मस्यौदालाई सरकारमा सहभागी दुई दलबीच आपसी छलफलमार्फत् परिमार्जनसहित पारित गर्ने प्रक्रियातर्फ अघि बढ्न सरकारलाई सुझाव दिएको छ । यसले प्रशासनिक संरचना चुस्त, प्रभावकारी र खर्च कटौतीमुखी बनाउने अपेक्षा गरिएको छ । बैठकले बहादुरसिंह लामालाई नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट सहमहामन्त्री पदमा निर्वाचित भएकोमा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ ।

पार्टीभित्र देखिएका आन्तरिक मतभेद तथा समस्यालाई संवाद र सहमतिका माध्यमबाट शीघ्र समाधान गर्नुपर्नेमा जोड दिँदै आगामी १५ औँ महाधिवेशनलाई पार्टी एकताको सशक्त सन्देश दिने अवसर कारुपमा उपयोग गर्न दुवै पक्षलाई आग्रह गरिएको छ । त्यसैगरी, बैठकले बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङका पिता, पूर्वमन्त्री तीर्थ लामाका पिता केशरबहादुर तामाङ तथा प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठका पति रामेश्वर श्रेष्ठको निधनप्रति गहिरो दु:ख व्यक्त गरेको छ । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको बैठकले जनाएको छ ।

# नवनिर्मित भवनबाट सुविधासहित डायलाइसिस सेवा सुरु गर्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पतालले नवनिर्मित भवनबाट थप सुविधा सहित डायलाइसिस सेवा सञ्चालन गर्ने तयारी गरेको छ ।

गत पुसमा निर्माण सम्पन्न भएको अस्पतालसँगैको ५ तले भवनबाट सेवा सञ्चालन गर्ने तयारी भएको हो । नयाँ भवनमा सुरुमा डायलाइसिस सेवासहित अन्य विशेष ओपीडी सेवा सुचारु गरिने अस्पतालले जनाएको छ । पुरानो भवनमा सञ्चालनमा रहेका डायलाइसिस सेवासहित युरोलोजी सेवा (पिसाब तथा मृगौलासम्बन्धी), कार्डियोलोजी (मुटुसम्बन्धी) र आयुर्वेदिक ओपीडी सेवा नयाँ भवनमा सार्ने तयारी गरिएको हो । हाल सेवा दिइरहेको स्थान साँघुरो अवस्थामा रहेकोले नयाँ भवनमा खुला स्थानमा सारिँदा उपचार गराउन आउने बिरामीलाई पनि सहज हुने अपेक्षा अस्पतालले गरेको छ ।

नयाँ भवनमा सारेपछि डायलाइसिसको क्षमता पनि बढ्नेछ । पुरानो भवनमा सेवा दिन स्थानको अभावले १४ वटा शैयामा डायलाइसिस सेवा दिइँदै आएकोमा नयाँ भवनमा एकै पटक ३० वटा शैयाबाट सेवाप्रवाह गर्न सकिने अस्पतालका प्रवक्ता उत्सव चौलागाईंले बताए । नयाँ भवनमा सेवाविस्तारका लागि थप १५ डायलायसिस मेसिनहरु टेन्डर प्रक्रियाबाट खरिद भइसकेको उनले जानकारी दिए । ३० वटा डायलाइसिस मेसिन एकैपटक प्रयोग गर्न सकिने र दैनिक तीन सिफ्टमा ८० भन्दा बढी मृगौलाका बिरामीलाई डायलाइसिस सेवा दिन सकिनेछ । यसअघि दैनिक तीन सिफ्टमा ३२ जना बिरामीलाई मात्र डायलाइसिस सेवा प्रदान गरिँदै आएको थियो ।

मेसिन थप भएपछि अब प्रतीक्षामा रहेका बिरामीलाई समेत राहत हुने विश्वास चौलागाईंको छ । अबको एक महिनामा डायलासिस सेवा नयाँ भवनमा सारिने उनले स्पष्ट पारेका छन् । नयाँ भवनमा अक्सिजनका पाइप वितरण तथा अन्य फर्निचर सेटिङ भइरहेको उनले जानकारी दिए । यस्तै, हाल इसीजी, ड्रेसिङलगायतका अन्य सेवा पनि यहीस्थानबाट प्रवाह गरिनुका साथै अर्को आर्थिक वर्ष मुटुरोगीलाई आपतकालीन सेवाको लागि क्याथ ल्याव सेवा पनि सुचारु गर्ने अस्पतालको योजना रहेको छ । क्याथ ल्याव सेवा सुचारु गर्न २० करोडभन्दा बढी खर्च लाग्ने हुँदा अस्पतालले संघीय अनुदानको प्रयास गरिरहेको छ ।

क्याथ ल्याव सुचारु हुँदा मुटुका भल्भ ब्लकेज, ओपन हार्ट सर्जरीलगायतका मुटुका आपतकालीन उपचार गरी जीवनरक्षा गर्न सकिने अस्पतालले जनाएको छ । यसै हप्ताबाट अस्पतालले युरोलोजी अन्तर्गत युएफएम (पिसाब बहाब मापन गर्ने प्रविधि)को सुरुवात गरेको छ ।

यस प्रविधिबाट लामो समयसम्म पिसाबमा प्रोस्टेट, पिसाब नली साघुँरिएको तथा पिसाबथैलीमा समस्या भएका बिरामीलाई पिसाबको मात्रा, बहाब, समयलगायतको जानकारी दिने भएकोले यी समस्या भएका बिरामीलाई राहत पुग्नेसमेत प्रवक्ता चौलागाईंको भनाइ छ ।

# तामाङ भाषा तथा लिपि सिकाइ कार्यक्रम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुरको मनहरी गाउँपालिकामा तामाङ समुदायका युवा तथा अगुवालाई लक्षित गर्दै तामाङ भाषा तथा लिपि सिकाइ ३ दिने कार्यक्रम सुरु भएको छ ।

नमस्ते मनहरी मिडिया प्रा.लि.को आयोजनामा सुरु भएको कार्यक्रम अध्यक्ष जयराम मोक्तानको सभाध्यक्षता तथा मनहरी गाउपालिका वडा नम्बर ६ का वडाअध्यक्ष युवराज थपलियाको प्रमुख आतिथ्यतामा उद्घाटन गरिएको हो । कार्यक्रममा वडाअध्यक्ष थपलियाले मातृभाषाको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि यस्ता कार्यक्रम आवश्यक रहेको उल्लेख गरेका छन् । उनले युवालाई आफ्नो भाषा र संस्कृतिप्रति सचेत हुन आग्रह गरे । बिहीबार सम्म सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा तामाङ पत्रकार संघ बागमती प्रदेशका अध्यक्ष ज्ञानेन्द्र थोकरले सहजीकरण गरेका छन् ।

उनले सहभागीलाई तामाङ भाषाको आधारभूत ज्ञान, लेखनशैली तथा लिपिको प्रयोग सम्बन्धी प्रशिक्षण दिनेछन् । कार्यक्रममा ३० जना प्रशिक्षार्थीको सहभागिता रहेको छ । उद्घाटन कार्यक्रममा तामाङ पत्रकार संघका केन्द्रीय सदस्य राजकुमार स्याङबो, सुनाचुरी सामुदायिक वनका अध्यक्ष पार्वती मोक्तान, नेपाल तामाङ घेदुङका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

# चैतेधानको समर्थन मूल्य तोक्न सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ कृषि विभागले चैते धानको समर्थन मूल्य सिफारिस गरेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययनसहितको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको हो ।

धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति, बजारमूल्य, उत्पादनलागतको विश्लेषण गरिएको प्रतिवेदनमा मूल्य तोक्नका लागि सिफारिस गरिएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए । विभागको टोलीले स्थलगत अध्ययन गरेपछि उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर वैज्ञानिक मूल्यको प्रस्ताव प्राप्त भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । प्रस्तावका आधारमा प्रतिक्विन्टल मूल्य तोक्न सरोकारवालासँग छलफल भएको बताउँदै उनले प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिए ।

मन्त्रिपरिषद्बाट निर्णय भएपछि मात्र मूल्य सार्वजनिक गरिने जनाइएको छ । धानको चिस्यान मापदण्डसमेत मूल्यांकन गरी किसानद्वारा उत्पादित धानको समर्थन मूल्य सुनिश्चित गरिनेछ । धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने मन्त्रालयले जनाएको छ ।

सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत् धान खरिद हुने जनाइएको छ । सरकारले गतवर्ष चैतेधान प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो ।

# मकवानपुर र वीरेन्द्र बहुमुखी क्याम्पसबीच अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुर बहुमुखी क्याम्पस र वीरेन्द्र बहुमुखी क्याम्पसबीच मंगलबार संयुक्त अन्तरक्रिया भएको छ ।

कार्यक्रममा दुवै क्याम्पसका क्याम्पसप्रमुख, सहायक प्रमुख, विभागीयप्रमुख, प्राध्यापक तथा कर्मचारीको उल्लेखनीय सहभागिता रहेको थियो । अन्तरक्रियामा वीरेन्द्र बहुमुखी क्याम्पसबाट आएको भ्रमण टोलीले मकवानपुर बहुमुखी क्याम्पस को भौतिक संरचना, शैक्षिक तथा प्रशासनिक पूर्वाधारको स्थलगत अवलोकन गरेको थियो ।

शैक्षिक गतिविधि, अनुसन्धान, जर्नल प्रकाशन, आर्थिक व्यवस्थापन तथा प्रशासनिक अभ्यासका विविधपक्षमा विस्तृत छलफल गरिएको जनाइएको छ । कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पस हाल तेस्रो पटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियामा रहेको जानकारी गराइएको थियो ।

भ्रमण टोलीमा वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख डा. प्रेमसागर भण्डारी, निर्वतमान क्याम्पसप्रमुख प्रा.डा. दयाराम पौडेल, डा. किशोरचन्द्र घिमिरे, प्रा.डा. हरिहर पौडेल, डा. जगन्नाथ अधिकारीलगायत प्राध्यापक तथा कर्मचारीको सहभागिता रहेको थियो । मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख डा. यमबहादुर सिलवाल, सहायक क्याम्पस प्रमुख संगम चौलागाईं, उत्तम अर्याल तथा प्रशासक नीरञ्जन पराजुलीलगायतसँग छलफल गरिएको हो ।

अन्तरक्रियामा दुवै क्याम्पसबीच शैक्षिक अनुभव आदानप्रदान, अनुसन्धान सहकार्य, प्रशासनिक सुधार तथा संस्थागत विकासका विविध पक्षमा गहन विचारविमर्श भएको जनाइएको छ । कार्यक्रममा सहभागीले यस्ता सहकार्यले शैक्षिक गुणस्तर अभिवृद्धि र संस्थागत क्षमता सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

"उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता"

## ६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२

राष्ट्रिय सहकारी दिवसका कार्यक्रमहरु

| मिति | स्थान र समय | कार्यक्रम |
|---|---|---|
| २०८२/१२/१४ | सबै सहकारी संघ/संस्थाको कार्यालयमा | यस वर्षको नारा "उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता" उल्लेख गरि ब्यानर राख्ने |
| २०८२/१२/१८ | बुद्धचोक हेटौंडा १० बिहान ७:०० बजे | रक्तदान कार्यक्रम |
| २०८२/१२/१९ | हिमालयन दरवार हेटौंडा १, चौकीटोल बिहान ७:०० बजे | सहकारीको वर्तमान समस्या र समाधानका उपायहरु विषयक अन्तरक्रिया |
| २०८०/१२/२० | हुप्राचौरबाट सुरुभई हिमालयन दरवार हेटौंडा १, चौकीटोल बिहान ७:०० बजे | प्रभातफेरीसहितको सहकारी दिवस समारोह |
| २०८०/१२/२० | सबै संघ/संस्थाको कार्यालयमा साँझ ७:०० बजे | सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२
मूल समारोह समिति, मकवानपुर
बागमती प्रदेश, हेटौंडा

## मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-४, मकवानपुर

### तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८२/१२/१७*

यस मवानपुर बचत तथा ऋण सहारी संस्था लि. हेटौंडा-४ बाट ऋण लिई करोबार गर्ने तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जा बापत बुझाउनु पर्ने साँवा ब्याज तथा अन्य दैदस्तुर समेतको, रकम भाखाभित्र नबुझाई नतिरी कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेको बारम्बार ताकेता तथा व्यक्तिगत सम्पर्क राखी ऋण तिर्न जानकारी गराउँदा समेत ऋणीले ऋण तिर्न वास्ता नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकी रहेको रहेको सम्पूर्ण साँवा ब्याज दैदस्तुर समेतको रकम बुझाई कर्जा चुक्ता गर्नुहोला अन्यथा तपाई ऋणीहरुले सुरक्षण बापत लेखिलेखाई दिनु भएको चल अचल सम्पत्ति सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ बमोजिम लिलाल बिक्री गरी कर्जा असुल उपर गरिने छ । साथै लिलाम विक्रीबाट कर्जाको साँवा ब्याज तथा हर्जना असुलउपर नभएमा ऋणी स्वयं र जमानत दिने व्यक्तिहरुको चल अचल सम्पत्तिबाट कानूनबमोजिम असुल उपर गरिने हुँदा धितो तथा जमानी दिनुहुने महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | कर्जा नं. | ऋणीको नाम थर ठेगाना | धितो जमानी दिने नाम/ठेगाना | धितोको विवरण |
|---|---|---|---|---|
| १. | ब्यापार कर्जा ७१/ ८६१६/३ | **नाम** : हरि प्रसाद भण्डारी<br>बाबुको नाम : देवीप्रसाद भण्डारी<br>बाजेको नाम : बलभद्र भण्डारी<br>ना.प्र.प.नं. ८५२४९७६ गुल्मी<br>ठेगाना: साविक गुल्मी हंगा-७<br>हाल हेटौंडा-९ | **नाम** : सिता सुवेदी (भण्डारी)<br>बाबुको नाम : शिवलाल सुवेदी<br>पतिको नाम : हरिप्रसाद भण्डारी<br>ना.प्र.प.नं. ४१/१०१८/९६००७<br>ठेगाना: साविक गुल्मी हंगा-७<br>हाल: हेटौंडा-९ | सिता (सुवेदी) भण्डारीको नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ९ को कि.नं. ९६०१ को क्षेत्रफल ०-०-७ धुर जग्गा । |
| २. | ब्यापार कर्जा ७१/ ९३३४/९ | **नाम** : कृष्ण बहादुर घिसिङ<br>बाबुको नाम : मान बहादुर घिसिङ<br>बाजेको नाम : हस्त बहादुर घिसिङ<br>ना.प्र.प.नं. ४२/४७० मकवानपुर<br>ठेगाना: साविक नामटार-६,<br>हाल हेटौंडा-२ | | निजको नाममा दर्ता भई जिल्ला मकवानपुर नामटार वडा नं. ४ को कि.नं. १४२३ को क्षेत्रफल ०-१०-२-२ रोपनी जग्गा । |
| ३. | ब्यापार कर्जा ७१/ ९४८०/७ | **नाम** : विष्णु प्रसाद ढकाल<br>बाबुको नाम : बद्री प्रसाद ढकाल<br>बाजेको नाम: यज्ञ प्रसाद ढकाल<br>ना.प्र.प.नं. ३१/२१६<br>ठेगाना: हेटौंडा-५ | **नाम** : डिल कुमारी अर्याल<br>बाबुको नाम : ओम प्रसाद अर्याल<br>ना.प्र.प.नं. ४/१७८ धादिङ<br>ठेगाना: हेटौंडा-५ | निज विष्णु प्रसाद ढकाल र डिल कुमारी अर्यालको संयुक्त नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ११ को कि.नं. ११३६१ को क्षेत्रफल ०-०-११.५० धुर जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना